# नेपाल विद्युत प्राधिकरण

# सूचना

<u>त्रैमासिक कार्यदक्षता मूल्याङ्कन फाराम विद्युतीय माध्यमबाट भर्ने सम्बन्धमा।</u>

नेपाल विद्युत प्राधिकरणमा कार्यरत कर्मचारीहरुको कार्यदक्षता मूल्याङ्कन प्रणालीलाई व्यवस्थित, पारदर्शी तथा प्रविधिमैत्री बनाउने उद्देश्यले त्रैमासिक रूपमा (प्रथम त्रैमासिक- श्रावण, भाद्र र आश्विन, दोस्रो त्रैमासिक-कार्तिक, मंसिर र पौष, तेस्रो त्रैमासिक-माघ फाल्गुण र चैत्र र चौथो त्रैमासिक-बैशाख जेष्ठ र आषाढ) कार्यदक्षता मूल्याङ्कन फाराम विद्युतीय माध्यम (HRIS प्रणाली) मार्फत भर्ने व्यवस्था गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

उक्त कार्यदक्षता फाराम भर्नका लागि सम्पूर्ण कर्मचारीहरूले hris.nea.org.np मा गई आफ्नो संकेत नं. (User ID) र पासवर्ड प्रयोग गरी लगइन गर्नुपर्नेछ। लगइन पश्चात कार्यदक्षता फाराम शीर्षक अन्तर्गत सम्बन्धित समीक्षा अवधिमा आफूले सम्पादन गरेका कार्यहरू, प्राप्त उपलब्धि, जिम्मेवारी तथा कार्यसम्पादनसँग सम्बन्धित विवरणहरू यथार्थ, स्पष्ट तथा प्रमाणयोग्य आधारमा उल्लेख गरी हाललाई २०८२ फाल्गुण मसान्त भित्र (आ.व.२०८२/८३ को प्रथम र दोस्रो त्रैमासिकको) कार्यदक्षता मूल्यांकन विद्युतिय माध्यमबाट भरीसक्नुपर्नेछ।

तोकिएको समयावधि भित्र प्राप्त भएका कार्यदक्षता मूल्यांकन फारामहरू सम्बन्धित निकटतम सुपरिवेक्षकले पन्ध्र दिन भित्र (हाललाई २०८२ चैत्र १५ गते भित्र) प्रारम्भिक मूल्याङ्कन सम्पन्न गरिसक्नुपर्नेछ। त्यसैगरी पुनरावलोकनकर्ताले पन्ध्र दिन भित्र (हाललाई २०८२ चैत्र मसान्त भित्र) अन्तिम मूल्याङ्कन गरी प्रणालीमा स्वीकृत (Approve) गरिसक्नुपर्ने व्यवस्था रहेको व्यहोरा समेत अवगत गराइन्छ।

विद्युतीय माध्यमबाट पेश तथा मूल्याङ्कन गरिएका कार्यदक्षता मूल्यांकनहरु अन्य कर्मचारी प्रशासनसम्बन्धी अभिलेखहरूसँग एकीकृत गरी अभिलेखीकरण तथा समग्र कार्यदक्षता मूल्याङ्कन प्रयोजनका लागि प्रयोग गरिने व्यहोरा श्री कार्यकारी निर्देशकज्यूको मिति २०८२/११/०८ को निर्णयानुसार जानकारी गराइन्छ।

अतः सम्बन्धित सबै कर्मचारी, सुपरिवेक्षक तथा पुनरावलोकनकर्ताहरूलाई निर्धारित समयसीमा भित्र आ-आफ्नो जिम्मेवारी अनुसारको कार्य सम्पन्न गर्न निर्देशानुसार अनुरोध गरिन्छ।

कार्यदक्षता मूल्यांकन भर्ने समय तालिका

| क.सं. | मूल्यांकन अवधि | कर्मचारी भर्ने | सुपरीवेक्षकले मूल्यांकन गर्ने | पुनरावलोकनकर्ताले मूल्यांकन गर्ने |
|---|---|---|---|---|
| १ | २०८२/८३ को पहिलो र दोस्रो त्रैमासिक | २०८२ फाल्गुण मसान्त भित्र (एक पटकका लागि) | २०८२ चैत्र १५ गते भित्र | २०८२ चैत्र मसान्त भित्र |
| २ | २०८२/८३ को तेस्रो त्रैमासिक | २०८२ चैत्र २० देखि चैत्र मसान्त भित्र | २०८३ वैशाख १५ गते भित्र | २०८३ वैशाख मसान्त भित्र |
| ३. | २०८२/८३ को चौथो त्रैमासिक | २०८३ आषाढ २० देखि आषाढ मसान्त भित्र | २०८३ श्रावण १५ गते भित्र | २०८३ श्रावण मसान्त भित्र |

- नोटः माथि उल्लेख भए बमोजिमको समय तालिका आ.व.०८२/८३ सम्मको लागि र सो पश्चात देहाय अनुसार हुने गरी कार्यदक्षता मूल्यांकन गर्ने गराउनु हुनः

| क.सं. | मूल्यांकन अवधि | कर्मचारी भर्ने | सुपरीवेक्षकले मूल्यांकन गर्ने | पुनरावलोकनकर्ताले मूल्यांकन गर्ने |
|---|---|---|---|---|
| १ | पहिलो त्रैमासिक | आश्विन २० गते देखि आश्विन मसान्त भित्र | कार्तिक १५ गते भित्र | कार्तिक मसान्त भित्र |
| २. | दोस्रो त्रैमासिक | पौष २० गते देखि पौष मसान्त भित्र | माघ १५ गते भित्र | माघ मसान्त भित्र |
| ३. | तेस्रो त्रैमासिक | चैत्र २० देखि चैत्र मसान्त भित्र | वैशाख १५ गते भित्र | वैशाख मसान्त भित्र |
| ४. | चौथो त्रैमासिक | आषाढ २० देखि आषाढ मसान्त भित्र | श्रावण १५ गते भित्र | श्रावण मसान्त भित्र |

नेपाल विद्युत प्राधिकरण स्थापित २०४२ NEPAL ELECTRICITY AUTHORITY Estd. 1985